**संघीय संसद**

# राष्ट्रिय सभा

**पाँचौं अधिवेशन**

**बैठक – ८**

## सूचना पत्र – २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ पुस २७ गते आइतबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **आठौं बैठक** सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **विशेष समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. रामलखन चमार**ले नवलपरासी जिल्लामा रहेको लुम्बिनी चिनी कारखानाले सम्झौतानुसार काम नगर्दा उखु कृषकले बारम्बार दुःख पाइरहेकोले सरकारले सम्झौता बदर गरी उक्त मिललाई नवलपरासी जिल्लाका उखु किसानहरू मार्फत सहकारी माध्यमबाट सञ्चालन गर्नको लागि किसानहरू माग गरिरहेकाले उक्त प्रक्रियालाई अगाडि बढाइनुपर्ने माग गर्नुहुँदै तत्कालीन अर्थ मन्त्री विष्णु पौडेलले शिक्षाको लागि निर्ब्याजी ऋण दिने प्रावधान बजेटमा ल्याए तापनि हालसम्म कार्यविधि नबनेकोतर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. जितेन्द्रनारायण देव**ले नेपालको परराष्ट्र नीतिको सञ्चालन मुलुकको संविधानले निर्दिष्ट र परिभाषित गरेको बाटोबाट सञ्चालन हुने या कुनै एउटा छिमेकीको इशारामा सञ्चालन हुने ? देशको परराष्ट्र नीतिको सञ्चालन हाम्रो संविधानले निर्दिष्ट गरेको र परिभाषित बाटोबाट सञ्चालन हुने या कुनै अमुख पार्टीले राजनीतिक पार्टीले अङ्गीकार गरेको दर्शनबाट निर्देशित हुने ? समृद्ध नेपाल र सुखी नेपाली हुने समाज बनाउन चाहन्छौं या दरिद्र नेपाल र दुःखी नेपाली ? जस्ता प्रश्न राख्नुहुँदै मिलिनियम च्यालेञ्ज कर्पोरेशन कार्यक्रमलाई सम्झौता बमोजिम नेपाल सरकारले छिटोभन्दा छिटो अगाडि बढाउनुपर्ने र नेपाल सरकारलाई प्रमुख प्रतिपक्षले समर्थन गर्न बताउनुभयो ।

**मा. शेर बहादुर कुँवर**ले मुलुकको एकीकरण गर्ने पृथ्वीनारायण शाह लगायतका अन्य राष्ट्रिय विभूतिहरूलाई बिर्सन नहुनेमा जोड दिनुहुँदै राष्ट्रिय एकता दिवसलाई सरकारले मनाएको भए ओज बढ्नेमा जोड दिनुभयो । उहाँले भिजिट नेपाल, २०२० को सन्दर्भमा पूर्वदेखि पश्चिमसम्मका पर्यटकीय स्थलको पहिचान गर्नुका साथै पर्यटकका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. वृषेश चन्द्र लाल**ले नदीबाट अवैध रूपमा उत्खनन गर्ने कार्यको विरोध गर्ने युवा दिलीप महतोलाई ट्रिपरले किचेर मारिएको र शवको मुचुल्का नै नगरी शव हटाइएकोले उक्त कार्य प्रशासनको मिलेमतोमा गरिएको हुनसक्ने तर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै अति संवेदनशील बैठकहरूमा हुने अनधिकृत प्रतिनिधिको उपस्थिति सम्बन्धमा सरकारले सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभयो ।

**मा. जीवन बुढा**ले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिकहरूको खोजीमा भएको ढिलाइप्रति प्रश्न गर्नुका साथै सत्य निरूपण तथा मेलमिलाप आयोगको कामकारवाही बारे राजनीतिक द्वन्दको क्रममा भएका घाइते तथा अशक्त व्यक्तिहरूको सम्मान गर्न तीनै तहका सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. प्रमिला कुमारी**ले धनुषाका दिलीप महतोको वास्तविक हत्यारालाई कडाभन्दा कडा कारवाहीको माग गर्नुहुँदै मानव अधिकार आयोग सम्बन्धी विधेयक, राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विधेयक, सूचना प्रविधि विधेयक र मिडिया काउन्सिल विधेयक संविधान अनुकूल संशोधन हुनुपर्ने माग गर्नुभयो ।

**मा. डा. विमला राई पौड्याल**ले अवैध रूपमा सञ्चालन भएका क्रसर उद्योगलाई नियमन गर्नुपर्ने, राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण सम्बन्धी बोर्डको कामकारवाहीको अवस्था बारे जानकारी पाउनुपर्ने र स्वतस्फूर्त रूपमा अवैध कार्यको विरोध गर्ने युवा तथा स्थानीय जनसमुदायको पूर्ण सुरक्षाको सुनिश्चितता गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. विन्दादेवी आले राना**ले एक वर्षदेखि अगाडिको वाइड बडी अनियमितता प्रकरणमा संलग्न व्यक्तिहरूको छानबिन र अनुसन्धान प्रक्रियाको अवस्थाबारे सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुहुँदै बालुवाटारस्थित ललिता निवास प्रकरण सम्बन्धी अनुसन्धानका लागि तीनवटा निकाय (भूमि व्यवस्था मन्त्रालय, अख्तियार अनुसन्धान आयोग र राष्ट्रिय अनुसन्धान विभाग) लाई जिम्मेवारी दिई पटकपटक म्याद थपिएको तर हालसम्म अनुसन्धान प्रतिवेदन सार्वजनिक नभएकोतर्फ सरकारको ध्यानाकर्षण गराउनु हुँदै गौतमबुद्धको जन्मस्थल लुम्बिनी परिसरमा विदेशी मुलुकहरूले निर्माण गरेका झण्डै तीन दर्जनभन्दा बढी विहार-गुम्बाहरू नियम विपरीत गेष्ट हाउसको रूपमा सञ्चालन भएको भन्ने बारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कोमल वली**ले क्रसर उद्योगहरूले प्राकृतिक दोहन गरिरहेकाले उनीहरूलाई कारवाही गर्नुपर्ने माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गलाई "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रतिवेदन, २०७६" लाई सभामा पेश गर्न अनुमति दिनुभयो ।

लगत्तै तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गलाई "रेल्वे विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङ्गले पेश गर्नुभएको "रेल्वे विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिने निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा. वृषेशचन्द्र लाल २. मा. प्रमिला कुमारी ३. मा. राधेश्याम अधिकारी ४. मा. कोमल वली

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन अनुमति दिनुहुँदै "रेल्वे विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "रेल्वे विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "रेल्वे विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टलाई "औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल माघ ५ गते आइतबार दिनको १:०० बजे** बस्ने गरी दिनको **२:२५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव